म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्क:- ८१ २०८२ माघ २५ गते आइतबार 8 February 2026, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## ट्रक पल्टिँदा २ जना घाइते

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-७, शिविरस्थित पूर्व-पश्चिम राजमार्गको सडकखण्डमा ट्रक दुर्घटना हुँदा दुई जना घाइते भएका छन्। शुक्रबार बिहान ५ बजेर ३५ मिनेटको समयमा हेटौँडाबाट चितवनतर्फ चामल लोड गरी जाँदै गरेको ना ६ ख ६५७४ नम्बरको ट्रक ब्रेक फेल भई सडकमा पल्टिएर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । दुर्घटनामा ट्रक चालक पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-३१ बस्ने २७ वर्षीय सन्दिप चौधरी र सहचालक २० वर्षीय विशाल चौधरी घाइते भएका थिए । घाइते दुबैलाई उपचारका लागि चितवनको भरतपुरस्थित पुरानो मेडिकल कलेज लगिएको प्रहरीले जानकारी दिएको छ ।

# लक्ष्यभन्दा कम राजस्व संकलन




समाज संवाददाता

हेटौँडाः आन्तरिक राजस्व कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको ६ महिनामा लक्ष्यभन्दा कम राजस्व संकलन गरेको छ। कार्यालयले चालु आर्थिक वर्ष २०८२/०८३ को कुल लक्ष्यको ८२.४७ प्रतिशतमात्र राजस्व संकलन गर्न सफल भएको हो ।

चालु आर्थिक वर्षको साउनदेखि पुससम्म ३ अर्ब ९७ करोड ६२ लाख २३ हजार राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा यसको ८२.४७ प्रतिशत अर्थात् ३ अर्ब २७ करोड ९२ लाख ३२ हजार रुपैयाँ राजस्व संकलन गर्न सफल भएको आन्तरिक राजस्व कार्यालय मकवानपुरका सूचना अधिकारी ध्रुव सिंह घलानले जानकारी दिनुभयो । यस आर्थिक वर्षमा कुल ८ अर्ब ९८ करोड ९८ लाख ११ हजार रुपैयाँ राजस्व संकलन गर्ने कार्यालयले लक्ष्य राखिएको छ । हालसम्म कुल राजस्व लक्ष्यको ३९.२८ प्रतिशतमात्र संकलन भएको छ ।

अघिल्लो आर्थिक वर्षमा कुल ८ अर्ब ६५ करोड ६७ लाख २२ हजार राजस्व संकलनको लक्ष्य निर्धारण गरिएकोमा ७ अर्ब २० करोड ४६ लाख २२ हजार संकलन भएको थियो । बितेको ६ महिनामा जेनजी आन्दोलन तथा हेटौँडाका राजमार्गहरु बिस्तारका क्रममा प्रभावित भएका कारण लक्ष्यभन्दा कम राजस्व संकलन भएको सूचना अधिकारी घलानले जानकारी दिनुभयो ।

कार्यालयले चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा ७७ पटक बजार अनुगमन गरेको पनि उहाँले जानकारी दिनुभयो। ६७ पटक बजार अनुगमन गर्ने लक्ष्य राखिए पनि लक्ष्यभन्दा १० पटक बढी बजार अनुगमन गरिएको छ। बजार अनुगमनबाट २ लाख ३२ हजार जरिवानासमेत असुली गरिएको सूचना अधिकारी घलानले बताउनुभयो। पछिल्लो ६ महिनाको अवधिमा ९ सय ६४ व्यवसायहरु व्यावसायिक स्थायी लेखा नम्बर (प्यान)मा दर्ता भएका छन्। यस्तै, मूल्य अभिवृद्धि कर (भ्याट)मा २ सय १७ व्यवसायहरु दर्ता भएका छन्। व्यक्तिगत स्थायी लेखा नम्बरमा ४ हजार ४ सय ६६ जना आबद्ध भएका छन् भने यसै अवधिमा ७० वटा फर्महरु अन्तःशुल्कमा समेत दर्ता भएका छन्।

# कोइलीदेवी माथेमा स्मृति पुरस्कार शाहलाई


*प्रथम कोइलीदेवी माथेमा मातृभूमि पुरस्कार प्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : प्रथम कोइलीदेवी माथेमा स्मृति मातृभूमि पुरस्कार-२०८२ हेटौँडाकी बाल गायिका सुलज्ञा राज्यलक्ष्मी शाहलाई प्रदान गरिएको छ । शनिबार हेटौँडामा कोइलीदेवी माथेमा स्मृति विशेष कार्यक्रममा कोइलीदेवी गायिका तथा संगीतकारको परिचर्चा गर्दै शाहलाई उक्त पुरस्कार प्रदान गरिएको हो ।

शाहलाई ११ हजार रुपैयाँ नगदसहित पुरस्कृत गरिएको हो । हेटौँडा-११ की सुलज्ञा हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा कक्षा ५ मा अध्ययनरत छिन्। सुलज्ञा आँचल साहित्य कला पुञ्जद्वारा आयोजित गायन प्रतियोगितामा दोस्रो भएकी थिइन् भने म यस्तो गीत गाउँछु कार्यक्रमको जुनियर सेसनमा प्रथम भएकी थिइन्। कार्यक्रममा केदार न्यौपानेले कार्यक्रममा भीमफेदीसँग कोइलीदेवी माथेमाको इतिहासदेखिका विषयमा व्याख्या गर्नुहुँदै विभिन्न अनुभवहरु सुनाउनुभएको थियो। गायिका तथा संगीतकार कोइलीदेवीको जन्म मकवानपुरको भीमफेदी गाउँपालिका-६, चिसापानीगढीमा भएको थियो । १९८७ साल भाद्र शुक्ल ऋषि पञ्चमीका दिन जन्मनुभएकी उहाँको संगीतमा हरिप्रसाद रिमाल, तारादेवी, प्रेमध्वज प्रधान लगायतले स्वर दिनुभएको छ।

उहाँले रेडियो नेपालमा लामो समय काम गर्नुभएको थियो। आमाको मृत्युपछि फुपू मानप्रिया भट्टसँग रहनुभएकी कोइलीदेवीले जुद्धशमशेरको सिंह महलमा संगीत सिक्नु भएको थियो । २००७ सालदेखि रेडियो नेपालमा शास्त्रीय संगीत सिक्दै काम गर्नुभएकी कोइलीदेवीले २०१८ सालमा सर्वोत्तम संगीतकार स्वर्ण पदक समेत प्राप्त गर्नुभएको थियो । रेडियो नेपालको पहिलो महिला गायिका समेत रहनुभएकी कोइलीदेवीले २०२१ सालमा साकार भक्त माथेमासँग विवाह गर्नुभएको थियो । रेडियो नेपालमा २०४४ मा शास्त्रीय संगीत प्रबन्धकको रुपमा समेत काम गर्दै २०५१ सालमा रेडियो नेपालबाट अवकाश लिनुभएको थियो। उहाँको २०६४ साल पुष ६ गते ७८ वर्षको उमेरमा काठमाडौँमा मृत्यु भएको थियो । उहाँले गोरखा दक्षिणबाहु, छिन्नलता गीति पुरस्कार लगायत दर्जनौं पुरस्कार तथा धेरै पदक र सम्मान प्राप्त गर्नुभएको छ।

हेटौँडा उपमहानगरपालिका वडा नम्बर १ का अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामा, महाकाव्यकार मुना अर्याल, मातृभूमि साहित्य समाजका प्रमुख संरक्षक एवम् साहित्यसेवी मुक्ति गोविन्द वैद्यको पनि आतिथ्य रहेको थियो। मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष कृष्णप्रसाद दाहालको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

## टी-२० वर्ल्डकप सुरु

# शेफर्डको ह्याट्रिकमा वेस्ट इन्डिजको जित

मुम्बई : रोमारियो शेफर्डको ह्याट्रिकसहितको घातक बलिङमा वेष्ट इन्डिजले आइसिसी पुरुष टि ट्वान्टी विश्वकप २०२६ को आफ्नो पहिलो खेलमा स्कटल्यान्डलाई ३५ रनले पराजित गरेको छ। कोलकाताको इडेन गार्डेन्समा शनिबार भएको समूह 'सी' को खेलमा वेष्ट इन्डिजले सहज जित निकालेको हो ।

१ सय ४९ रनको लक्ष्य पछ्याएको स्कटल्यान्डले सुरुआतमै झड्का बेहोर्‍यो। ओपनर माइकल जोन्स जेसन होल्डरको बलमा ५ बलमा १ रनमै आउट भए । जर्ज मन्सी र ब्रान्डन म्याकमुलनले ३० रनको साझेदारी गर्दै इनिङ्स सम्हाल्ने प्रयास गरे पनि शेफर्डले म्याकमुलनलाई १२ बलमा १४ रनमा आउट गरेपछि स्कटल्यान्ड ४.३ ओभरमा ३१-२ को संकटमा पर्‍यो। मन्सी पनि १५ बलमा १९ रन बनाएर शमर जोसेफको बलमा पावर प्लेको अन्तिम ओभरमा आउट भए ।

कप्तान रिची बेरिङ्टन र टम ब्रुसले तेस्रो विकेटका लागि ७८ रनको साझेदारी गर्दै स्कटल्यान्डलाई खेलमा फर्काउने प्रयास गरे । उनीहरूले टोलीलाई १०० रन पार गराए पनि जेसन होल्डरले बेरिङ्टनलाई २४ बलमा ३ चौका र २ छक्कासहित ४२ रनमा आउट गरेपछि स्कटल्यान्ड १३.२ ओभरमा ११५-४ मा सीमित भयो। त्यसपछि गुडाकेश मोटीले ब्रुसलाई २८ बलमा ३५ रनमा आउट गरे।

खेलको निर्णायक मोड त्यतिबेला आयो जब शेफर्डले एकै ओभरमा स्कटल्यान्डको तल्लो क्रम ध्वस्त पारे । उनले लगातार ३ बलमा म्याथ्यु क्रस, माइकल लिस्क र ओलिभर डेभिडसनलाई आउट गर्दै ह्याट्रिक पूरा गरे । त्यही ओभरमा सफ्यान शरीफ पनि आउट भए। अन्तिम विकेटका रूपमा मार्क वाट होल्डरको बलमा १२ बलमा १५ रन बनाएर आउट भए । स्कटल्यान्ड १८.३ ओभरमा १ सय १३ रनमै समेटियो ।

त्यसअघि पहिले ब्याटिङ गरेको वेष्ट इन्डिजले ५ विकेटको नोक्सानीमा १ सय ८२ रन बनायो। ब्रान्डन किङ र कप्तान शाई होपले ५० रनको साझेदारी गरे । होप २२ बलमा १९ रन बनाएर आउट भए भने किङ २२ बलमा ४ चौका र १ छक्कासहित ३५ रन बनाएर ओलिभर डेभिडसनको बलमा आउट भए। नेपालले आफ्नो पहिलो खेल आइतवार २ पटकको च्याम्पियन इङ्ल्यान्डसँग खेल्नेछ ।

*स्रोत : हाम्रो खेलकुद ।*

# क्रिकेटको उपाधि भुटनदेवी माविलाई


*उपाधि विजेता भुटनदेवी माविको क्रिकेट टिम ।*

समाज संवाददाता

हेटौँडा : नगरस्तरीय क्रिकेट प्रतियोगिताको उपाधि हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयले जितेको छ। शनिबार हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको खेलमैदानमा भएको फाइनल खेलमा हेटौँडा-४ स्थित श्रमिक माविलाई ८७ रनले हराउँदै भुटनदेवीले उपाधि जितेको हो ।

टस जितेर ब्याटिङ गरेको भुटनदेवी माविले निर्धारित १० ओभरमा ९ विकेटको क्षतिमा १२६ रन बनाएको थियो। भुटनदेवी माविका लागि सन्देश यादवले ३१ बलमा ६४ रनको योगदान गरे । १२७ रनको लक्ष्य पाएको श्रमिक माविले निर्धारित १० ओभरमा ८ विकेटको क्षतिमा ३९ रन मात्रै बनाउन सफल भयो। फाइनल खेलको म्यान अफ द म्याच भुटनदेवी माविका सन्देश यादव घोषित भए ।

शुक्रबारबाट सुरु भएको प्रतियोगितामा ६ वटा विद्यालयको सहभागिता रहेको थियो । सेमिफाइनल खेलमा आधुनिक राष्ट्रिय माविलाई हराउँदै भुटनदेवी मावि फाइनल प्रवेश गरेको थियो भने सिद्धार्थ शिशु सदनलाई हराउँदै श्रमिक मावि फाइनल प्रवेश गरेको थियो । प्रतियोगितामा हेटौँडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालय र हेटौँडा-११ स्थित हेटौँडा एकेडेमीको पनि सहभागिता रहेको थियो । विद्यालयमा परीक्षा सञ्चालन भइरहेकोले केही विद्यालयहरु सहभागी हुन नसक्दा ६ वटा मात्रै विद्यालयबीच प्रतियोगिता आयोजना गर्नु परेको संयोजक तथा भुटनदेवी माध्यमिक विद्यालयका शिक्षक प्रकाश सुवेदीले जानकारी दिनुभयो ।

हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडाको आयोजना तथा भुटनदेवी माध्यमिक विद्यालयको व्यवस्थापनमा नगरस्तरीय क्रिकेट प्रतियोगिता शुक्रबारबाट सुरु भएको थियो । प्रतियोगिताका विजेता तथा उपविजेतालाई फागुन ७ गते वडा कार्यालयले कार्यक्रमको आयोजना गरी पुरस्कार वितरण गर्ने प्रतियोगिताका संयोजक प्रकाश सुवेदीले जानकारी दिनुभयो ।



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## परीक्षाको तयारी

नेपालमा विद्यालय तहको पठनपाठन वैशाखबाट सुरु हुन्छ । केही हिमाली जिल्लामा बाहेक देशका सबै क्षेत्रमा वैशाखबाट शैक्षिक सत्र सुरु भएर चैतमा समाप्त हुन्छ । कक्षा १० सम्मको वार्षिक परीक्षा पनि चैत महिनामा नै हुने गरेको छ । कक्षा १२ सम्मलाई विद्यालय शिक्षा मानिए पनि कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई) चैतमा हुने र त्यसको नतिजा आउन ३-४ महिना लाग्ने भएकाले कक्षा ११ को पठनपाठन भने साउनदेखि सुरु हुने गरेको छ । कक्षा ११ को परीक्षा जेठमा हुने भएकाले असारबाट कक्षा १२ को पठनपाठन सुरु गरेर वैशाखमा कक्षा १२ को वार्षिक परीक्षा गरिन्छ । विद्यालय तहको सबै कक्षाको वार्षिक परीक्षा चैत, वैशाख र जेठ महिनामा सम्पन्न गरिन्छन् । यसकारण माघदेखि विद्यार्थीहरु परीक्षाको विशेष तयारीमा जुट्ने गर्दछन् ।

यस वर्षको एसईई दिने विद्यार्थीहरुका लागि अहिले जिल्लाभर सबैजसो विद्यालयमा एसईई तयारी परीक्षा चलिरहेको छ । जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा गत माघ २२ गते बिहीबारदेखि एसईई तयारी परीक्षा सुरु भएको हो । हेटौँडा उपमहानगरपालिकासहित बकैया, मकवानपुरगढी, मनहरी र कैलाश गाउँपालिकाका विद्यालयहरुमा एसईई तयारी परीक्षा सुरु भएको छ । सामुदायिक विद्यालयहरुले नगरस्तरीय शैक्षिक समन्वय समितिले तयार पारेको प्रश्नपत्र प्रयोग गरेर परीक्षा लिइरहेका छन् भने संस्थागत विद्यालयहरुले प्याब्सनले बनाएको प्रश्नपत्रबाट परीक्षा सञ्चालन गरेका छन् ।

सामुदायिक विद्यालयहरु अधिकांशले आफ्नै विद्यालयमा परीक्षा सञ्चालन गर्दा संस्थागत विद्यालयहरुले एसईईकै जस्तो बाह्य विद्यालयमा परीक्षा केन्द्र तोकेर परीक्षा सञ्चालन गरिरहेका छन् । नगरस्तरीय शैक्षिक समन्वय समितिको प्रश्नपत्रबाट हेटौँडाका २८, बकैया र कैलाश गाउँपालिकाका सबै, मनहरी र मकवानपुरगढी गाउँपालिकाका ६-६ वटा विद्यालयले परीक्षा सञ्चालन गरेका छन् । परीक्षामा हेटौँडाका करिब एक हजार ६ सय र अन्य पालिकाका एक हजार विद्यार्थी सहभागी छन् । प्याब्सनअन्तर्गतका संस्थागत विद्यालयहरुले हेटौँडामा ६ वटा, मनहरी र थाहा नगरमा एक-एक वटा परीक्षा केन्द्र तोकेर परीक्षा सञ्चालन गरेका छन् । ३७ वटा संस्थागत विद्यालयका एक हजार ३ सय ५१ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् ।

यस वर्ष आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुने भएकाले एसईई परीक्षा केही ढिला गरी चैत १९ गतेबाट सञ्चालन हुँदैछ । विद्यालय तहको कक्षा ९ सम्मको परीक्षा एसईई अगाडि नै सक्ने गरी सञ्चालन हुने देखिन्छ । कक्षा १२ को परीक्षा पनि वैशाख दोस्रो वा तेस्रो साताबाट सञ्चालन हुने सम्भावना छ । कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षा स्थानीय तहले, कक्षा १० को एसईई र कक्षा १२ को एसएलसी परीक्षा राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्दछ भने अन्य कक्षाका परीक्षा विद्यालयहरुले नै सञ्चालन गर्ने गरेका छन् । विद्यालय तहको वार्षिक परीक्षा नजिकिँदै गर्दा विद्यार्थी, अभिभावक, शिक्षक र विद्यालय सबै परीक्षाको तयारीमा चिन्तित बन्ने गर्दछन् ।

अबको करिब दुई महिनामा कक्षा १० सम्मका वार्षिक परीक्षा सम्पन्न हुनेछन् । सबै कक्षाको परीक्षा विद्यार्थीका लागि उत्तिकै महत्वपूर्ण भए पनि एसईई परीक्षालाई भने विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय सबैका लागि विशेष चासो र चिन्ताको विषय बन्ने गरेको छ । यही भएर स्थानीय तहदेखि विद्यालय, अभिभावक सबैको सक्रियतामा विशेष तयारी कक्षाहरु समेत सञ्चालन हुने गरेका छन् । अधिकांश विद्यार्थीहरुले परीक्षालाई गम्भीररुपमा लिएर हडबडाउने, आत्तिने, डराउने र त्यसलाई अनावश्यक बोझको रुपमा लिने गरेको पाइन्छ । परीक्षा आफूले पढेका र सिकेका कुराहरुबाट सोधिएका प्रश्नको उत्तर लेख्ने र एउटा कक्षा वा तह पार गर्न पूरा गर्नुपर्ने एउटा नियमित प्रक्रियाको रुपमा लिनु आवश्यक छ । विद्यार्थीले परीक्षाको व्यवस्थित तयारी गरेर निर्धक्क भएमा परीक्षाको अनावश्यक डर, त्रास हट्न सक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : खेलकुदका काममा सरिक भइने समय छ ।
**वृष** : भावना र कल्पनामा रमाइने समय योग छ ।
**मिथुन** : परीक्षा र प्रतियोगितामा सफलता प्राप्त होला ।
**कर्कट** : पारिवारीक वातावरण रमाइलो रहने समय छ ।
**सिंह** : भौतिक सुखले सताउने समय योग छ ।
**कन्या** : प्रतिभाको प्रयोगले मान–सम्मान प्राप्त ।
**तुला** : लेनदेनका काममा सतर्कता अपनाउँदा राम्रो ।
**वृश्चिक** : आँट र हिम्मतले कामम‍ा पूर्णता होला ।
**धनु** : प्रतियोगिता र प्रतिस्पर्धामा विजय होला ।
**मकर** : जिद्धीपन त्याग गर्दा राम्रो रहने समय छ ।
**कुम्भ** : स्वास्थ्य स्थिति कमजोर रहने समय योग छ ।
**मीन** : आत्मीय मित्रसँग भावना साटासाट हुनेछ ।

## संसदीय क्षेत्र नम्बर १

# कस्ले बाजी मार्छ ?



✍ बिशभ अधिकारी




आम निर्वाचनको सरगर्मी विस्तारै बढ्दो छ । मकवानपुरमा पनि चुनावी रौनकता विस्तारै तात्दै छ । यसपालि कसले बाजी मार्छ सबैका आ-आफ्नो आँकलन र विश्लेषण रहेको छ । मकवानपुर संघीय क्षेत्र नम्बर १ मा कसले विजय हात पार्ला अहिले नै भन्न अलि हतार होला । गत निर्वाचनमा राप्रपाका नेता दीपक बहादुर सिंह विजयी भएको यो क्षेत्रमा यसपालि राप्रपा, एमाले, कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी जस्ता पुराना दल र नयाँ भनिने रास्वपा, उज्यालो नेपाल पार्टी, नेकपा माओवादी लगायतका २३ दलहरु प्रतिस्पर्धा गर्दैछन् । झट्ट हेर्दा ठूला भनिने दलहरुको वर्चस्व जस्तो देखिए तापनि यसपालि निर्वाचनको मत नयाँप्रति नै आकर्षण हो कि जस्तो देखिन्छ । अझ देश त घण्टिमय भएको छ, मकवानपुरमा पनि घण्टिको नबुझिँदो रूझान देखिन्छ । मकवानपुर १ संसदीय क्षेत्रमा बागमती गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिकाका १-४ वटा वडाहरु र हेटौंडा उपमहानगरपालिका २, ४-१० र १२ देखि १८ रहेका छन् ।

जम्मा ४० वडा रहेको यो संसदीय क्षेत्रमा लामो समय कम्युनिष्टले जितेपनि पछिल्लो समय एकपटक कांग्रेस र राप्रपाले जित्न सफल भएको देखिन्छ । भाद्र २३/२४को जेन जी आन्दोलनपछि मूलुकको राजनीतिक डायनामिक्स फेरिएको छ । जेन जी आन्दोलनको मर्म र भावना बोक्ने राजनीतिक दलप्रति जनचाहना बढेको देखिन्छ । यसबीच कांग्रेसले पनि आफूलाई विशेष महाधिवेशन मार्फत नयाँ राजनीतिक दल भएको घोषणासहित अहिले निर्वाचनमा सरिक छ । मकवानपुरमा कांग्रेस गत निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी रह्यो । दीपक सिंहले २७ हजार ८१६ मत ल्याएर जितेका थिए भने डीना उपाध्यायले २५ हजार ४२३ प्राप्त गरेकी थिइन् । यसपालि एमाले, नेपानी कम्यूनिष्ट पार्टी र नयाँ भनिने दलहरू पनि कस्सिएर लागेका छन् । मुलुकको राष्ट्रिय राजनीतिक मुद्दा, राष्ट्रिय संकल्प र प्रतिवद्धताहरुले पनि निर्वाचन प्रभावित हुन्छ ।

जेन जी आन्दोलन, ७६ जना विद्यार्थी र युवाहरूको सहादतले निम्त्याएको निर्वाचनले परम्परागत दल प्रतिको आकर्षण कम देखिन्छ यद्यपि नेतृत्व, स्थानीय मुद्दा स्थानीय विकास, रोजगारी, पूर्वाधार, सुरक्षा र सामाजिक मुद्दा पनि मतदाताको निर्णयमा प्रभाव पार्ने विषय हुन् । साढे दुई वर्ष सांसद रहेका दीपक बहादुर सिंह पूर्वाधार विकास समितिको सभापति पनि थिए । यिनले पूर्वाधारको क्षेत्रमा काम गरेको दावी गरेका छन् । गत निर्वाचनमा गठबन्धन उम्मेदवार र कमल थापालाई पराजित गरेका सिंह राष्ट्रिय राजनीतिमा चर्चित रहेका पात्र हुन् । आफ्नो कार्यकालमा सांसद सिंहले आफ्नो पारिश्रामिक आँखा अस्पताल (तिलगंगा) लाई सहयोग गरेका थिए । जुङ्गे बुढा नामले चर्चित सिंह जुङ्गा रोज्ने कि पेटिकोट भन्ने अभिव्यक्तिले बिबादमा तानिएका थिए, पछि सांसद सिंहको सचिवालयले उक्त भनाईको खण्डन गर्‍यो ।

यसपालि नेपाली कम्युनिष्ट पार्टीले पढे-लेखेका ईनर्जेटिक युवा विजय गौतमलाई उठाएको छ । गाउँपालिकाहरुमा राम्रो प्रभाव भएको गौतम सक्षम क्षमतावान युवा हुन् । सहरी क्षेत्रमा अलि परिचित नभएको कारण यिनले धेरै मिहिनेत गर्नुपर्ने देखिन्छ । लामो समय आफ्नो वर्चस्व कायम राखेको एमालेले गत निर्वाचनमा यो क्षेत्र गुमाउनु पुग्यो । तात्कालिन राप्रपा नेपालका अध्यक्ष कमल थापालाई यो क्षेत्रमा एमालेले उम्मेदवार बनायो । फलतः एमाले पराजित भयो । यो निर्वाचनमा एमालेले पुराना इमान्दार सादगी नेता रामेश्वर रानालाई उम्मेदवार बनाएको छ । एमाले यो क्षेत्रमा संगठनात्मकरूपमा बलियो पार्टी हो । तर बजारक्षेत्रमा उसको जनमत खस्किएको अवस्था छ । केपि ओलीको पार्टीलाई भोट हालिन्न भन्ने जनमत बाक्लै भेटिन्छ ।

गत निर्वाचनमा डिना उपाध्याय आफ्नै पार्टी भित्रको अन्तर्घातले झिनो मतले पछाडि परिन् । तर यो चुनावमा कांग्रेस भित्र बेजोडको एकता देखिएको छ । एक हुँदा यो क्षेत्र तुलानात्मक रुपमा कांग्रेसको अवस्था सवल देखिन्छ । अन्य राजनीति दलहरू पनि उत्साहका साथ मैदानमा छन् । चुपचाप घण्टी छाप भन्ने नारा र बालेनको क्रेजले काम गर्‍यो भने अप्रत्यासितरूपमा मकवानपुरमा घण्टी नबज्ला भन्न सकिन्न । अब कि बार बालेन सरकार भन्ने नारा जोडदारले उठ्यो भने मकवानपुर कसरी प्रभावित नभई रहला र ! गत निर्वाचनको समानुपातिक मत प्रत्यक्षमा खसाल्न सके पनि घण्टी बज्छ ।

अन्य नयाँ दल पनि बडो सक्रियता साथ लागेका छन् । प्रलोपा, उज्यालो नेपाल पार्टी, माओवादिले पनि युवा उम्मेदवार उठाएको छ । पुस्तान्तरणको प्रक्रिया क्रमशः निर्वाचनमा देखियो । गगन थापादेखि नयाँ भनिने दलहरूले नवयुवाहरूलाई प्राथमिकता दिनु भनेको जेन जी आन्दोलनको मर्मलाई आत्मसात गर्नु हो ।

विस्तारै चुनावी माहौल तातिँदै छ । उम्मेदवार घरदैलोमा पुग्दैछन् । यसपालि दलहरूले आफ्नो घोषणापत्र जारी गर्न भ्याएका छैनन् । फागुन २१ आउन अझै समय छ । रात रहे अग्राठ पलाउँछ । एमाले, कांग्रेसको शेरबहादुर समूह अन्य निवर्तमान सांसदहरु अझै पनि संसद पूनर्स्थापनाको मुद्दा व्यूँत्याउने प्रयासमा छन् । केहि समयअघि केपी ओलीले त न्यायालयलाई यो विषय टुङ्याउन धम्किपूर्ण शैलीमा चूनौति दिइसकेका छन् । देश चुनावमा गैसकेको अवस्था नयाँ जनादेशको बाटो नै उत्तम विकल्प हो । देशले ठूलो धनराशि खर्च गरिसकेको अवस्थामा अब अदालतले पनि निर्वाचनलाई बल पुग्ने बाटो खोलिदिनु पर्छ । उम्मेदवार जनताका बीचमा पुगिसकेको सन्दर्भमा जनताको मन जितेर अघि बढनु जरूरी छ ।

यसपालिको मकवानपुर क्षेत्र नम्बर १ को निर्वाचन अत्यन्तै रोचक छ । गत निर्वाचनमा कांग्रेस, माओवादी, समाजवादी सबैको गठबन्धनको उम्मेदवार कांग्रेसको डिना उपाध्याय थिईन् । एमालेले तात्कालिन राप्रपा नेपालका अध्यक्ष कमल थापालाई उम्मेदवार बनाएको थियो । बिना गठबन्धन, बिना संगठन दीपक बहादुर सिंह विजयी भए । सिंह चुनाव लड्दा आवश्यक रणनीति बनाउन सक्ने कुशल खेलाडी हुन् । पार्टी भित्रको असन्तुष्टीलाई आफू पट्टि आकर्षित गर्न सफल सिंह चुनावको जोड-घटाउ राम्रो बुझेको व्यक्ति हुनुहुन्छ । त्यस्तै इन्द्रबहादुर बानियाँ अर्को चतुर खेलाडी हुन् । यिनले पनि रातारात परिणाम उल्टाउने क्षमता राख्छन् । यसपालि यिनी डिनाको पक्षमा दृढतापूर्वक उभिएका छन् । यसपालिको रोचक दृश्य भनेको सबै एक्ला-एक्लै निवार्चन लडेका छन् । यो चुनावमा कसको हैसियत कस्तो छ ? नयाँ भोटरहरूको मनस्थिति के छ ? सिङ्गो व्यवस्था, नेताप्रति बढ्दो निराशाबाट सिर्जित परिस्थितिमा भोट कता जान्छ ? आँकलन गर्न हम्मे-हम्मे नै छ । मकवानपुर १ राप्रपा, एमाले, कांग्रेस, नेपाली कम्यूनिष्ट पार्टी, रास्वपा बीच नै तीव्र प्रतिस्पर्धा देखिन्छ । थोरै भोटले यसपालिको चुनाव हार-जित हुने देखिन्छ । अझ समय छ यसबीच नयाँ घटनाहरू विकसित हुन सक्छ । सुरक्षा चुनौति कायम नै छ । हार्ने निर्वाचनमा सहभागी नहुने त्यस्का लागि निउ खोज्ने काम प्रारम्भ भैसकेको छ । चुनाव भैहाल्यो भने पनि नयाँलाई हराउन पुरानाहरूको बीचमा हुने अघोषित एकतालाई नकार्न सकिँदैन ।

तर जनता सचेत छन् । यसपालि राम्रा मानिसको छनौट हुनेछ । विवेकको प्रयोग हुनेछ । देश संकटमा छ, संविधान मूर्छित छ । देशलाई लयमा फर्काउन पनि नीति र थीति बसाल्न सकेनौं भने देश अतिवादको चपेटा पर्छ । त्यसपछि हामीसँग पश्चाताप गर्ने भन्दा अर्को विकल्प रहँदैन । देशलाई शिरमा राखेर सोचौं । राम्रा उम्मेदवार जिताऔं ।

*अस्तू ।*

# ‘अरूलाई खराब देखाएर आफू ‘राम्रो’ बन्ने मनोविज्ञान छ‘



✍ डा. टिकाराम गौतम

अहिले हाम्रो समाजमा एउटा गहिरो र डरलाग्दो मनोविज्ञान हाबी भइरहेको छ, जसलाई समाजशास्त्रीय भाषामा ‘अदर्स कल्चर’ भन्न सकिन्छ । यो भनेको आफूलाई राम्रो बनाएर वा राम्रो काम गरेर प्रस्तुत गर्नेभन्दा पनि, अरूलाई खराब देखाएर आफू राम्रो ठहरिन खोज्ने प्रवृत्ति हो । आजभोलि मानिसहरूमा आफ्नो सबल पक्षलाई बलियो बनाउने होइन, बरु अरूको कमजोरीमा औंला ठड्याएर आफूलाई ठिक साबित गर्ने सोच हाबी भएको छ ।

यो प्रवृत्ति आकाशबाट झरेको होइन, हाम्रो राज्यको माथिल्लो संरचनाबाटै तलतिर सरेको हो । माथिल्लो राजनीतिक तहमा हेर्नुभयो भने, एउटा दलले अर्को दललाई, एक नेताले अर्को नेतालाई वा एक व्यक्तिले अर्को व्यक्तिलाई आफ्नो राम्रो पाटो देखाएर होइन, बरु अर्काको नराम्रो पाटोलाई उचालेर आफूलाई स्थापित गर्ने खेल खेलिरहेका छन् । नेतृत्व तहको यो स्वभाव अहिले आम नागरिकको तहसम्मै पुगिसकेको छ । करिब दुई दशकदेखि समाजमा हुर्किएको यो प्रवृत्तिले राजनीतिमा मात्र होइन, जीवनका समग्र पक्षमा नकारात्मक असर पारिरहेको छ ।

हिजो हाम्रो समाजको जग अत्यन्तै बलियो थियो । सामाजिक मूल्य-मान्यता, सद्भाव, सहकार्य, सहयोग र पारस्परिक अन्तरनिर्भरता हाम्रा पहिचान थिए । तर, जबदेखि अरूलाई खराब देखाएर आफ्नो अस्तित्व जोगाउने मनोविज्ञानले ठाउँ पायो, तबदेखि ती जगहरु हल्लिन थालेका छन् । अरुलाई गाली गर्ने र औंला ठड्याउने प्रवृत्तिले समाजलाई जोडेर राख्ने तत्वहरू– सद्भाव र सहकार्य कमजोर भएका छन् ।

अहिले यो प्रवृत्ति परिवार, छिमेक र व्यावसायिक संस्थाहरूमा पनि सूक्ष्म रुपमा छिरेको छ । संस्थाभित्र सहकार्य हुनुपर्नेमा ‘म राम्रो, अर्को खराब’ भन्ने प्रतिस्पर्धा चल्छ । माथिल्लो पदकोले तल्लोलाई र तल्लोले माथिल्लोलाई दोषी देख्ने, तर आफ्नो जिम्मेवारी र उत्तरदायित्वबाट पन्छिने वातावरण सिर्जना भएको छ । यसले अन्ततः हाम्रा सामाजिक संस्थाहरुलाई नै धराशायी बनाउँदै लगेको छ ।

अहिले धेरैले यसलाई सेलिब्रेटी वा चर्चित व्यक्तिहरूसँग मात्र जोडेर हेर्ने गर्छन् । तर, यसको जरा अलि गहिरो छ । जहाँ विचार र सिद्धान्त शून्य हुन्छन्, त्यहाँ ‘पपुलिज्म’ अर्थात् लोकप्रियतावादले ठाउँ पाउँछ । लोकप्रियता भनेको दर्शन वा विचारभन्दा पनि क्षणिक एजेन्डा र मुद्दाहरूमा केन्द्रित हुन्छ। जसले बढी होहल्ला गर्न सक्यो वा नयाँ खालको मुद्दा ल्याउन सक्यो, समाजमा ऊ नै हाबी हुने परिस्थिति हाम्रो सामाजिक-राजनीतिक संरचनाले बनाइदिएको छ ।

अहिले जो पनि राजनीतिमा आउन चाहन्छ, उसले पहिला लोकप्रिय हुनुपर्ने बाध्यताजस्तो देखिएको छ । चाहे ऊ राम्रो व्यापारी होस्, कर्मचारी होस्, समाजसेवी होस् वा प्राध्यापक; सबैलाई पहिला सेलिब्रेटी बनेर राजनीतिमा छिर्नुपरेको छ । जब विचार र सिद्धान्तलाई लोकप्रियताले विस्थापित गर्छ, तब समाजमा स्वस्थ प्रतिस्पर्धा हराउँछ र अरूलाई खुइल्याएर आफू बन्ने होड चल्छ ।

यस विषयमा गहिरो संरचनात्मक अध्ययन हुन बाँकी नै छ, तर एउटा समाजशास्त्रीको आँखाले हेर्दा म के भन्न सक्छु भने- यदि हामीले यो ‘अरूलाई खराब देखाएर आफू राम्रो बन्ने’ प्रवृत्तिलाई समयमै चिर्न सकेनौं भने, हाम्रा सामाजिक मूल्य-मान्यताहरु अझै क्षयकृत हुँदै जानेछन् ।

*(समाजशास्त्री डा. टिकाराम गौतमसँग कुबेर गिरीले गरेको कुराकानीमा आधारित । स्रोतः रातोपाटी)*

## फर्केर हेर्दा : निर्वाचन ०७४

# वाम गठबन्धनलाई भारी बहुमत, सम्हाल्न नसक्दा तीन वर्षमै छिन्नभिन्न

काठमाडौं : सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारको सरकारले सम्पन्न गरेको संविधान सभा सदस्य निर्वाचन-२०७० सम्पन्न भयो। संविधान सभा सदस्य निर्वाचन-२०७० सम्पन्न भएको दुई महिनापछि २०७० माघ ८ मा संविधान सभाको पहिलो बैठक बस्यो। २०७० मंसिर ४ मा संविधानसभा सदस्य निर्वाचन २०७० सम्पन्न भएको थियो।

सजावटले रङ्गीचङ्गी पारिएको नयाँ बानेश्वरस्थित संविधान सभा भवनमा बसेको पहिलो बैठकमा प्रमुख राजनीतिक दलहरूका बीचमा एक वर्षभित्र मुलुकलाई नयाँ संविधान दिने सहमति जुट्यो। तर, दलहरू बीचको असमझदारीका कारण संविधान सभालाई नयाँ संविधान जारी गर्न दुई वर्ष लाग्यो। २०७२ असोज ३ मा तत्कालीन राष्ट्रपति डा. रामवरण यादवले हर्षोल्लाससहित भरिभराउ संविधान सभा बैठकमा नयाँ संविधान जारी गरे। संविधान जारी हुने दिन संविधान सभा भवनलाई दुलही झैं सिङ्गारेर झकिझकाउ बनाइएको थियो। संविधान सभा बैठकमा सहभागी हुन प्रथम राष्ट्रपति यादव बग्गी र रिसल्ला अघि-अघि लगाएर नयाँ बानेश्वर चोक हुँदै दक्षिणी गेटबाट भित्र पसेका थिए।

'अन्ततः ठूलो हर्षोल्लाससहित खचिखचाउ भरिएको बैठकमा संविधानको ठेलीलाई ढोगेर राष्ट्रपति यादवले २०७२ असोज ३ गते नेपालको राजनीतिक इतिहासमै संविधान सभाले बनाएको संविधान जारी भएको घोषणा गरे,' पत्रकार रामकृष्ण भण्डारीले 'सत्ता संघर्ष' पुस्तकमा लेखेका छन्। संविधान जारी भएपछि २०७४ सालमा पहिलोपटक प्रतिनिधि सभा र प्रदेश सभाको चुनावसँगै मुलुक औपचारिक रूपमा संघीय संरचनामा प्रवेश गरेको थियो। २०७४ सालमा मंसिर १० र २१ मा गरी दुई चरणमा निर्वाचन सम्पन्न गरिएको थियो। हिमाली तथा उच्च पहाडी भेगका ३२ जिल्लामा मंसिर १० गते पहिलो चरणमा निर्वाचन भएको थियो। दोस्रो चरणमा बाँकी ४५ जिल्लामा मंसिर २१ गते प्रतिनिध सभा र प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गरिएको थियो।

### वाम गठबन्धनको ऐतिहासिक विजय

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७४ मा नेकपा एमाले र नेकपा माओवादी केन्द्रले चुनावी गठबन्धन गरेर ऐतिहासिक विजय प्राप्त गरेका थिए। २०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा वाम गठबन्धनलाई ऐतिहासिक तथा भारी बहुमत प्राप्त गर्ने सफल गठबन्धनको रूपमा लिइन्छ। वाम गठबन्धन स्पष्ट बहुमत हासिल गर्दै राजनीतिक स्थिरता र विकासको अपेक्षा पूरा गर्ने प्रमुख शक्तिको रूपमा उदाएको नेपालको संघीय संरचनामा पहिलो निर्वाचन थियो।

प्रतिनिधि सभाका २७५ सिटमध्ये वाम गठबन्धनले १७४ सिट जितेको थियो। जुन झण्डै दुईतिहाइ बहुमत थियो। प्रतिनिधि सभामा बहुमतका लागि १३८ सिट आवश्यक पर्थ्यो। वाम गठबन्धन गरेको एमालेले प्रत्यक्षतर्फ ८० र समानुपातिकतर्फ ४१ गरी १२१ सिट तथा माओवादी केन्द्रले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ गरी ५३ सिट जितेका थिए। प्रतिनिधिसभामा प्रत्यक्षतर्फ गठनबन्धन एमालेले १०३ र माओवादी केन्द्रले ५९ क्षेत्रमा उम्मेदवारी दिएका थिए। उनीहरूले अन्य सिटमा अरू वाम पार्टीहरूलाई सघाएका थिए।

यस्तै प्रदेश सभा निर्वाचनतर्फ वाम गठबन्धनले सात मध्ये छ प्रदेशमा बहुमत प्राप्त गर्‍यो। यो विजयलाई भारी बहुमतको विजयको रूपमा पनि वर्णन गरिन्छ। कम्युनिस्ट विचारधारा बोकेका एमाले-माओवादीले चुनावी गठबन्धन गरेका कारण लामो राजनीतिक विरासत बोकेको नेपाली कांग्रेसलाई ठूलो धक्का पुग्यो। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन-२०७४ लाई वाम गठबन्धनको भव्य सफलता मानिन्छ। यही सफलताले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाएर नेपालमा वामपन्थी शक्तिको प्रभुत्व स्थापित गरेको थियो।

### व्यक्तिगत महत्वाकांक्षाले कलह

वाम गठबन्धनबाट झण्डै दुईतिहाइ बहुमत ल्याएपछि हौसिएका एमाले र माओवादी केन्द्रले पार्टी एकीकरण गरेर नेकपा नामक नयाँ दल गठन गरे। तर, उनीहरूको सहकार्य लामो समयसम्म टिक्न भने सकेन। पार्टी एकता भए पनि एमाले र माओवादी केन्द्रबीच लामो समयसम्म सहकार्य हुन नसक्नुका पछाडि सत्ता संघर्ष र आन्तरिक कलह मुख्य थिए। नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'बीच प्रधानमन्त्री पदको लडाइँ, कार्यकाल विवाद र व्यक्तिगत महत्वाकांक्षाले कलह बढेको थियो।

पार्टी एकीकरण हुँदा ओलीले अढाई वर्ष प्रधानमन्त्री रहने र त्यसपछि प्रचण्डलाई सुम्पिने अनौपचारिक सहमति गरेका थिए। तर, ओलीले समयमै सत्ता हस्तान्तरण गर्न अस्वीकार गरेपछि प्रचण्ड पक्षले त्यसलाई धोकाका रूपमा लियो। नेकपाको विवाद सर्वोच्च अदालतसम्मै पुग्यो। अन्ततः २०७७ पुस ५ मा सर्वोच्चको फैसलाबाट एकता खारेज भयो, एमाले र माओवादी केन्द्र फेरि अस्तित्वमा फर्किनु पर्‍यो। स्थिरता र समृद्धिको अपेक्षासहित वाम गठबन्धनलाई मतदान गरेका मतदाताको सपना नेकपाको आन्तरिक कलहले चकनाचुर हुनपुग्यो।

यही बेला प्रतिनिधि सभाको ठूलो दल एमालेले पार्टीको सांगठनिक जीवनमा दोस्रोपल्ट पार्टी विभाजनको पीडा पनि खेप्नु पर्‍यो। नेकपाकालमा तत्कालीन प्रधानमन्त्री ओलीसँग बढेको वैचारिक मतभेदका कारण पार्टीको नेतृत्व गरिसकेका माधवकुमार नेपाल एमालेबाट चोइटिए। उनले पूर्वप्रधानमन्त्री झलनाथ खनालसहितका नेताहरूको साथ-सहयोगमा नेकपा (एकीकृत समाजवादी) नामको नयाँ दल गठन गरे।

### पार्टीहरूको तुलनात्मक स्थिति

सरकारले २०७४ साल भदौ ५ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि मंसिर १० गते एकै चरणमा सम्पन्न गर्ने गरी मिति तोकेको थियो। पछि भदौ १४ गते उक्त निर्वाचन मंसिर १० गते र २१ गते दुई चरणमा सम्पन्न गर्ने गरी पुनः मिति तय गरिएको थियो। निर्वाचन आयोगको भदौ १५ मा बसेको बैठकले हिमाली तथा उच्च पहाडी भेगका ३२ जिल्लामा मंसिर १० गते पहिलो चरणमा र बाँकी ४५ जिल्लामा मंसिर २१ गते दोस्रो चरणमा निर्वाचन सम्पन्न गर्ने निर्णय गरेको थियो।

आयोगले प्रकाशन गरेको 'निर्वाचन परिणाम पुस्तक' मा भदौ १५ गते आयोगलाई निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन र भदौ २२ गते प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसँग सम्बन्धित ऐनहरू प्राप्त भएपछिमात्रै आयोगले निर्वाचनको तयारी तीव्र बनाउन सफल भएको उल्लेख छ। 'निर्वाचन सम्पन्न गर्न सामान्यतः १२० दिनको अवधि आवश्यक पर्नेमा आयोगलाई उपलब्ध ८४ दिनभित्रै निर्वाचन गराउन आयोग अहोरात्र खटेको हुँदा यो ऐतिहासिक निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ,' पुस्तकमा लेखिएको छ।

प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ मा एमालेले प्रत्यक्षतर्फ ८० र समानुपातिक ४१ सिट प्राप्त गरेको थियो। एमालेसँग गठबन्धन गरेको माओवादी केन्द्रले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ सिट जितेको थियो। दुई ठूला वामपन्थी दलहरूको चुनावी गठबन्धनका कारण कांग्रेस प्रत्यक्षततर्फ २३ सिटमा खुम्चिएको थियो। उसले समानुपातिक निर्वाचन प्रणालीतर्फ भने ४० सिट पाएको थियो।

यस्तै संघीय समाजवादी फोरमले प्रत्यक्षतर्फ १० स्थानमा विजय हासिल गर्दा राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले ११ निर्वाचन क्षेत्रमा जित निकालेको थियो। यी दुवै दलहरूले समानुपातिक निर्वाचन प्रणालीतर्फ समान ६-६ जना सांसद प्रतिनिधि सभामा पठाउने अवसर पाएका थिए। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय जनमोर्चा, नयाँ शक्ति पार्टी र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्षतर्फ १-१ सिट जितेका थिए। निर्वाचनमा एक जना स्वतन्त्र उम्मेदवार पनि निर्वाचित भएका थिए।

प्रतिनिधि सभा निर्वाचन २०७४ मा १५९ पुरूष उम्मेदवार प्रत्यक्षतर्फ र २६ उम्मेदवार समानुपातिकतर्फ निर्वाचित हुँदा छ जना महिला प्रत्यक्षतर्फ र ८४ जना समानुपातिकतर्फ निर्वाचित भएका आयोगको तथ्यांकमा उल्लेख छ। प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० सिटका लागि भएको प्रतिनिधि सभा निर्वाचनका लागि ९५ वटा राजनीतिक दलहरूले निवेदन पेस गरेका थिए। जसमध्ये ९१ दललाई आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि चुनाव चिह्न वितरण गरेको थियो।

निर्वाचनमा भाग लिन नाम दर्ता गराएकामध्ये निर्वाचनमा भने ५५ राजनीतिक दलले मात्र भाग लिएका थिए। प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनमा भाग लिने प्रयोजनमा विभिन्न ८८ दलले निर्वाचन आयोगमा दल दर्ता गराएका थिए। तर, ४९ राजनीतिक दलले मात्र उम्मेदवारको बन्दसूची पेस गरेका थिए।

### समानुपातिकतर्फको हिसाब-किताब

संविधान सभाबाट संविधान जारी भइसकेपछि सम्पन्न पहिलो निर्वाचनमा पहिलो राजनीतिक शक्तिका रुपमा उदाएको एमालेले समानुपातिकतर्फ ३१ लाख ७३ हजार ४४९ मत पाएको थियो। उक्त मतबाट एमालेबाट ४१ जना सांसदहरू समानुपातिक निर्वाचन प्रणालीतर्फ चुनिएका थिए। माओवादी केन्द्रले गठबन्धनका तर्फबाट ५९ स्थानमा उम्मेदवारी दिएको थियो। उसको पक्षमा समानुपातिकतर्फ १३ लाख तीन हजार ७२१ मत खसेको थियो। जसबाट माओवादी केन्द्रले १७ जना समानुपातिक सांसदहरू निर्वाचित गरेको थियो।

वाम गठबन्धनका कारण प्रत्यक्षततर्फ २३ सिटमा खुम्चिएको कांग्रेसले समानुपातिकतर्फ ३१ लाख २८ हजार ३८९ मत प्राप्त गरेको थियो। जसबाट कांग्रेसका बन्दसूचीमा नाम समावेश भएका ४० जना उम्मेदवारहरू समानुपातिकतर्फ निर्वाचित भएका थिए।

### मतदान केन्द्र

प्रतिनिधि सभा तथा प्रदेशसभा निर्वाचनका लागि १० हजार ६७१ स्थलमा १९ हजार ८०९ मतदान केन्द्र तोकिएको थियो। निर्वाचन आयोगका अनुसार पहिलो चरणमा निर्वाचन भएका ३२ जिल्लामा दुई हजार ९१९ स्थलमा चार हजार ४६५ मतदान केन्द्र थिए। यस्तै दोस्रो चरणमा निर्वाचन भएका ४५ जिल्लामा सात हजार ७५२ स्थलमा १५ हजार ३४४ मतदान केन्द्र स्थापना गरिएको आयोगद्वारा प्रकाशित पुस्तकमा उल्लेख छ। 'एउटा मतदात केन्द्रमा बढीमा सालाखाला १०६४ जना मतदाता रहने गरी व्यवस्थापन गरिएको भएता पनि भौगोलिक विकटता, जनसंख्याको घनत्व आदिका कारण मतदान केन्द्रमा मतदाताहरूको संख्या फरक फरक रहेको थियो,' पुस्तकमा लेखिएको छ।

### मतदान प्रतिशत

आयोगका अनुसार पहिलो चरण (मंसिर १०) मा सम्पन्न मतदानमा २० लाख ६८ हजार ७८९ मतदाताले मताधिकार प्रयोग गरेका थिए। यस्तै दोस्रो चरण (मंसिर २१) मा ८५ लाख २५ हजार १७३ मतदाता निर्वाचनमा सहभागी भएका थिए। दुवै चरणमा गरी औसत मतदान ६८.६७ प्रतिशत भएको थियो। अर्थात एक करोड पाँच लाख ९३ हजार ९७१ मतदाता प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७४ मा सहभागी भएका थिए।

मतदानको दिन मतदान केन्द्रमा उत्पन्न विवादका कारण पहिलो चरणमा रूकुम जिल्लामा दुईवटा मतदान केन्द्रमा र दोस्रो चरणमा अर्घाखाँचीका दुईवटा मतदान केन्द्रमा मतदान सुचारु हुन नसकेपछि ती केन्द्रमा अर्को दिन पुनः मतदान भएको थियो। निर्वाचनमा खटिएका कर्मचारीहरुमध्ये दुर्घटनावश २० जना घाइते र सात जनाले ज्यान गुमाएको आयोगको निर्वाचन परिणाम पुस्तकमा उल्लेख छ। निर्वाचन आयोगका अनुसार उक्त निर्वाचनमा एक करोड ५४ लाख २७ हजार ९३८ मतदाता थिए। जसमध्ये ७७ लाख ७६ हजार ६२८ पुरूष, ७६ लाख ५१ हजार १४३ महिला र १६७ तेस्रो लिंगी थिए। *स्रोत : अनलाइनखबर।*

**जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी.खोप सञ्चालन सम्बन्धी जनहितमा जारी सन्देश ॥**

मकवानपुर जिल्ला भित्रका विद्यालयहरुमा माघ २५ गतेदेखि माघ २९ गतेसम्म विद्यालय केन्द्रित नियमित एच.पी.भी. खोप संचालन हुँदैछ। उक्त खोप कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई खोप लगाइदैंछ। आफ्ना नानीहरु अध्ययन गर्ने विद्यालयमा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप संचालन हुने दिनमा खोप लगाएको/नलगाएको सुनिश्चित गर्नुहोस्। उल्लेखित मितिमा खोप लगाउन छुट भएका कक्षा ६ मा अध्ययनरत छात्राहरु र विद्यालय नजाने १० वर्षका किशोरीहरुका लागि फागुन ६ गतेदेखि फागुन २२ गतेसम्म नियमित खोप क्लिनिकहरुमा समेत पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पी.भी खोप लगाइदैंछ। साथै गत वर्षको अभियानमा यो खोप लगाउन छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा वा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्षसम्मका किशोरीहरुलाई पनि खोप लगाइनेछ। थप जानकारी चाहिएमा नजिकैको स्वास्थ्य शाखा/जनस्वास्थ्य कार्यालय/स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयम्सेविकाहरुसँग सम्पर्क राखौं वा निःशुल्क कल सेन्टर १११५ मा सम्पर्क गरौं।

**जिल्ला खोप समन्वय समिति एवम्**
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## बालबोधको वार्षिकोत्सव सम्पन्न

# शिक्षक, विद्यार्थी सम्मानित



*वार्षिकोत्सवको अवसरमा शिक्षकलाई सम्मान गरिँदै।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१७ स्थित बालबोध माध्यमिक विद्यालयले ७४औं वार्षिकोत्सव मनाएको छ। मंगलबारदेखि विविध कार्यक्रमसहित सुरु भएको विद्यालयको वार्षिकोत्सव शुक्रबार सम्पन्न भएको विद्यालयका प्रधानाध्यापक दीपकलाल श्रेष्ठले जानकारी दिनुभयो।

प्रधानाध्यापक श्रेष्ठका अनुसार वार्षिकोत्सवको अवसरमा विद्यालयले मंगलबारदेखि शुक्रबारसम्म विविध प्रतियोगिता तथा साँस्कृतिक कार्यक्रम आयोजना गरेको हो। वार्षिकोत्सवको अवसरमा म्युजिकल चेयर, ज्याभलिन थ्रो, भलिबल, सामुदायिक विद्यालयका शिक्षकहरुबीच हाजिरीजवाफ प्रतियोगिता लगायतका प्रतियोगिताहरु आयोजना गरिएको थियो। विद्यालयमा २०५२ सालदेखि प्राथमिक तहमा कार्यरत शिक्षक लक्ष्मी चौलागाईलाई विशिष्ट सेवा पुरस्कार प्रदान गरिएको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिनुभयो।

यस्तै, माध्यमिक तहकी अंग्रेजी शिक्षक मन्दिरा रेग्मी र आधारभूत तहको नेपाली शिक्षक बच्चु सापकोटा उत्कृष्ट शिक्षक घोषित हुनुभयो। यसैगरी वर्षको उत्कृष्ट खेलाडी श्वेता डंगोल, वर्षको उत्कृष्ट विद्यार्थी कक्षा ९ की सविता श्रेष्ठ र वर्षको उत्कृष्ट अभिभावक भरत नेपाल घोषित भएका छन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालको अध्यक्षतामा भएको समापन समारोहमा प्रमुख अतिथि बागमती प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामी, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष बद्रीबहादुर केसी र सल्लाहकार नवराज विष्टको उपस्थिति रहेको थियो।

**सूचना !! सूचना !! सूचना !!**

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिका वडा नं. १० कार्यालयको पहलमा वडा नं. १० भित्र रहेका सरकारी, निजी, मठ–मन्दिर, संघ–संस्था तथा व्यक्ति समेतका सम्पूर्ण जग्गाहरुको क्षेत्रफल नाप नक्सा सम्बन्धी साविक कार्य केही महिना अघि देखि नापजाँच गरी सम्पन्न भएको व्यवहोरा सर्व विदित्तै रहेको अवगत गराइन्छ। यसै सन्दर्भमा भूँमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत नापी विभाग, नापी कार्यालय मकवानपुर, हेटौंडाको पत्र संख्या २०८२/२०८३, चलानी नं. ४२, मिति २०८२/१०/२२ गते प्राप्त पत्रानुसार जग्गाहरुको क्षेत्रफल लगायत नक्साङ्कनमा उल्लेख भएका कित्ताहरु यकिन गर्नुपर्ने भएको हुँदा उक्त कार्यका लागि यो पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र तपसिल बमोजिमका कागजातहरु वडा नं. १० कार्यालयमा उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछौं।

**तपसिल :**
१. जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) को प्रतिलिपी।
२. सम्बन्धित जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
३. सम्पर्क नम्बर
४. टोलविकास संस्था (क्षेत्रको) नाम।

**१० नम्बर वडा कार्यालय**
**हेटौंडा उपमहानगरपालिका मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# भारत साफ महिला यु १९ च्याम्पियन




*उपाधि साथ भारतको टिम ।*

काठमाडौं : भारतले साफ यु-१९ महिला फुटबल च्याम्पियन्ससिपको उपाधि जितेको छ । भारतसँग ४-० ले पराजित भएपछि बंगलादेशले उपाधि रक्षा गर्न सकेन । पोखरा रगंशालामा शनिबार भएको फाइनलमा बंगलादेशलाई हराएपछि भारत तेस्रो पटक यु १९ च्याम्पियनस बनेको हो । भारतले यसअघि सन् २०२२ र २०२४ मा यो उपाधि जितेको थियो । समूह चरणमा बंगलादेशले भारतलाई २-०, नेपाललाई ४-० र भुटानलाई १२-० ले हराएको थियो ।

५ पटकको च्याम्पियन बंगलादेशले फाइनल भने समूह चरणको प्रदर्शनलाई दोहोऱ्याउन सकेन । बंगलादेश यसअघि २०१८, २०२१, २०२३, २०२४ र २०२५ मा च्याम्पियन बनेको थियो । सन् २०२४ मा बंगलादेशमा भएको फाइनलमा दुई टोलीबीच विवाद भएपछि साफले दुबै टोलीलाई विजेता घोषणा गर्दै संयुक्त रुपमा उपाधि दिएको थियो । शनिबारको एकपक्षीय बनेको फाइनल खेलको पहिलो हाफमा १-० ले अग्रता बनाएको भारतले दोस्रो हाफमा ३ गोल थप्यो । ४२ औं मिनेटमा जुलान नोङमाइथेमको गोलमा भारतले अग्रता बनायो । ६३ औं मिनेटमा एलिजावेथ लार्काको गोलमा भारतले अग्रता दोब्बर पाऱ्यो ।

त्यसको पाँच मिनेटमा नै पर्ल फर्नान्डिजको गोलमा भारतले आरामदायी अग्रता बनायो । ८३ औं मिनेटमा अंविता रघुरमनको गोल थपेपछि भारतले सहजै खेल जित्यो । च्याम्पियनसिपमा बंगलादेश अपराजित रहँदै फाइनल खलेको थियो । बंगलादेश शीर्ष र भारत दोस्रो स्थानमा रहेर फाइनल खेलेका हुन् । ४ टोलीको सहभागिता रहेको च्याम्पियनसिपमा घरेलु टोली नेपाल तेस्रो र भुटान चौथो स्थान भएको छ । स्रोत : हाम्रो खेलकुद ।

# २८ जनाले गरे रक्तदान



*रक्तदान गर्दै रक्तदाता ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-५, पिप्लेस्थित बालज्योति माध्यामिक विद्यालयको आयोजनाका भएको रक्तदान कार्यक्रममा २८ जनाले रक्तदान गरेका छन् । विद्यालयको ५० औं वार्षिकोत्सव (स्वर्ण जयन्ती) को अवसरमा रक्तदान शनिबार विद्यालय परिसरमै रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

आरपी थपलियाको संयोजकत्वमा भएको रक्तदान कार्यक्रममा विद्यालयका शिक्षक, विद्यार्थी, पूर्वविद्यार्थी, अभिभावक तथा स्थानीय जनप्रतिनिधिहरुले रक्तदान गरेका हुन् । रक्तदान कार्यक्रममा रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । दैनिक जसो रक्तदान कार्यक्रम भएकाले केन्द्रमा अहिले रक्तअभाव नरहेको प्राविधिक सापकोटाले जानकारी दिनुभयो । आइतबार हेटौंडा-८ कमानेमा रहेको आरएन केमिकल, सोमबार निजगढमा प्रणामी मन्दिरको आयोजनामा र मंगलबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको आयोजनामा रक्तदान कार्यक्रम हुने प्राविधिक सापकोटाले जानकारी दिनुभएको छ ।

यस्तै विद्यालयमा रहेका पूर्वविद्यार्थी समाजले शनिबार पूर्वविद्यार्थीहरुका लागि घैंटो फुटाउने कार्यक्रम आयोजना गरेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्रनाथ पोखरेलको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-५ का वडाध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्य रहेको थियो । विद्यालयले माघ १९ गतेदेखि माघ २८ गतेसम्म विभिन्न खेलकुद प्रतियोगिता र मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरी स्वर्ण जयन्ती मनाउँदैछ ।

# सातै प्रदेशका कविहरुको हेटौंडामा रचना वाचन



*सात प्रदेशका सात कवि रचना वाचनपछि प्रमुख अतिथि नगरप्रमुख मीना कुमारी लामासँग ।*

समाज संवाददाता

हेटौंडाः देशका सातै प्रदेशका कविहरुले हेटौंडामा आफ्ना रचना वाचन गरेका छन् । शनिबार प्रगतिशील लेखक संघ मकवानपुरको आयोजनामा भएको कार्यक्रममा देशका सातै प्रदेशका ७ जना कविहरुले आफ्ना प्रदेशको प्रतिनिधि कविता वाचन गरेका हुन् ।

सहभागी कविहरुले आफ्ना प्रदेशका सामाजिक समस्या, मौलिक चिनारीलगायतका सामाजिक कुरिति, उत्पीडन विरुद्ध व्यङ्ग्यात्मक कविताहरु समेत वाचन गर्नुभएको थियो । कार्यक्रमम कोशी प्रदेशकी कवि सीता तुम्खेवा, मधेस प्रदेशका कवि यस लामा, बागमती प्रदेशबाट कवि डा. निमेष निखिल, गण्डकी प्रदेशबाट कवि लक्ष्मी थापा, लुम्बिनी प्रदेशकी कवि सुमिना, कर्णाली प्रदेशकी कवि कोकिलाकुमारी सिंह र सुदूरपश्चिम प्रदेशका खेम बतासले आफ्ना तीन-तीन वटा प्रतिनिधिमूलक रचना वाचन गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले नयाँ पुस्तालाई प्रगतिशील बनाउन प्रगतिशील साहित्यमार्फत समाजमा हुँदै आएका र नहटेका कुरितिविरुद्ध आवाज उठाउनुपर्नेमा जोड दिनुभएको छ । उहाँले साहित्यले आफ्नो अस्तित्व खोज्न सघाउने उल्लेख गर्दै पछिल्लो समय प्रविधिले साहित्यलाई जित्दै गएको बताउनुभयो ।

नगर प्रमुख लामाले साहित्य सिर्जनालाई अझै सशक्त बनाएर प्रस्तुत हुनुपर्ने समय आएको बताउनुभयो । उहाँले सातै प्रदेशका प्रतिनिधि कविहरुले एकै स्टेजमा रचना वाचन गर्ने तारतम्य मिलाउनु एउटा इतिहास भएको उल्लेख गर्दै कार्यक्रममा प्रस्तुत कविहरुका रचना संग्रह गरी प्रकाशन गर्नसमेत सुझाव दिनुभएको छ ।

प्रगतिशील लेखक संघ मकवानपुरका अध्यक्ष विशाल अधिकारी (आशुतोष) को सभाध्यक्षतामा भएको कार्यक्रममा अग्रज साहित्यसेवी मुक्तिगोविन्द बैद्य, प्रगतिशील लेखक संघका बागमती प्रदेश सचिव डीबी बर्तौला, राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङ, हेटौंडा उपमहानगरपालिका वडा नं ४ का अध्यक्ष नवीन सिग्देललगायत मकवानपुरका साहित्यकार तथा साहित्यप्रेमी विद्यार्थीहरुको उपस्थिति थियो ।

# सवारी दुर्घटनामा एकैदिन २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको २ जिल्लामा एकैदिन २ जनाको मृत्यु भएको छ । प्रदेशको सिन्धुपाल्चोक र चितवन जिल्लामा शुक्रबार सवारी दुर्घटनामा २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सिन्धुपाल्चोकको जुगल गाउँपालिका-२ स्थित वडा कार्यालय नजिकै खुन्द्रुकमा ब्रेक फेल भई टिप्पर सडकबाट खस्दा चालकको मृत्यु भएको छ । शुक्रबार दिउँसो ३ बजेको समयमा सुकुटेबाट गोल्छेतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००२ ख १३२१ नम्बरको बालुवा लोड टिप्पर उकालो सडकखण्डमा ब्रेक फेल भई सडकबाट २० मिटर तल खस्दा दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा टिप्पर चालक सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-६, पेड्कुका ४० वर्षीय सिताराम भण्डारी घाइते भएका थिए । घाइते भण्डारीलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र जलविरे लगिएको थियो । उपचारको क्रममा दिउँसो ३ बजेर १५ मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगरपालिका-१६, छाहारीचोक नजिकै ट्रक र मोटरसाइकल एक-आपसमा ठोकिँदा मोटर साइकल चालकको मृत्यु भएको छ । शुक्रबार साँझ ६ बजेर ३० मिनेटको समयमा ना ६ ख ६३१६ नम्बरको मिनी ट्रक र विपरित दिशाबाट जाँदै गरेको ना ३१ प २११४ नम्बरको मोटरसाइकल आपसमा ठोकिँदा दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा मोटरसाइकल चालक भरतपुर महानगरपालिका-१६ का २८ वर्षीय कुलबहादुर मगर गम्भीर घाइते भएका थिए । घाइते मगरलाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो । उपचारको क्रममा शनिबार बिहान १ बजेर ५१ मिनेटको समयमा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रक चालक भरतपुर महानगरपालिका-१, रामनगरका ५२ वर्षीय अम्मर थापालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय
जिल्ला हुलाक कार्यालय
मकवानपुर

"घरघरमा हुलाक, मनमनमा हुलाक"

नेपाल हुलाकबाट प्रदान हुँदै आएका तपसिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउनुहुन अनुरोध छ ।

**प्रमुख सेवाहरू**

**१. साधारण चिठी पत्र सेवा**
यो सेवा अन्तरगर्त साधारण पत्र, दृष्टिबिहीनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन् ।

**२. रजिष्ट्री सेवा**
- चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking system (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा ।
- चिठीपत्र पुगे/ नपुगेको अवस्था थाहा पाउन त्चबअपष्लन को व्यवस्था ।

**३. पार्सल/पुलिन्दा सेवा**
- २ केजी देखि २० केजी सम्मको सामान पठाउन सकिने
- हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**४. टिकट बिक्री सेवा**
- नियमित टिकट बिक्री र फिलाटेलिक सेवा

५. व्यवसायिक सेवा
द्रुत डाँक सेवा (Express mail service EMS)
- छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम ।
- हुलाक वस्तुको अवस्था थाहा पाउन ट्र्याकिङ (Tracking) को व्यवस्था
- हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था ।

**एजेन्सी सेवाहरू (प्रत्यायोजित अधिकार अन्तरगर्तका सेवाहरू)**
१. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन ।
२. एफ.एम. रेडियो र केवल (अबदभि) नवीकरण तथा अनुगमन ।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, संचारकर्मी परिचयपत्र नवीकरण ।
४. पत्रपत्रिका दर्ता तथा अङ्क प्रमाणितको लागि सिफारिस ।
५. छापा तथा विद्युतीय संचार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेबापत रकम भुक्तानी र सोको अनुगमन ।

# विज्ञान शिक्षकलाई एआईसम्बन्धी तालिम

समाज संवाददाता

हेटौंडाः विज्ञान शिक्षक समाज नेपाल (स्टान) मकवानपुरको आयोजनामा मकवानपुर जिल्लाका विज्ञान शिक्षकहरूका लागि कृत्रिम बुद्धिमता (एआई) सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । प्रविधिको बढ्दो प्रयोगसँगै शिक्षण सिकाइलाई आधुनिक र प्रभावकारी बनाउने उद्देश्यले शनिबार एकदिने तालिम सम्पन्न भएको हो ।



कार्यक्रममा रियल युनिक कम्प्युटर इन्सटिच्युटका सञ्चालक स्वर्णकुमार श्रेष्ठले मुख्य प्रशिक्षकको रुपमा सहभागी शिक्षकहरुलाई तालिम प्रदान गर्नुभएको थियो । प्रशिक्षणका क्रममा उहाँले एआई भनेको के हो ?, यसले कसरी काम गर्छ ?, एआईका प्रकारहरु र यसको सञ्चालनमा डाटाको महत्वबारे प्रष्ट पार्नुभयो । विशेषगरी शिक्षकहरूले शिक्षण सिकाई क्रियाकलापमा एआईलाई कसरी उपयोग गर्न सक्छन् भन्ने विषयमा उहाँले प्रयोगात्मक जानकारी दिनुभयो ।

थाइल्याण्डको बैंककमा डाटा साइन्स अध्ययन गरिरहनुभएका नवीन लामाले भर्चुअल माध्यमबाट तालिममा सहभागी शिक्षकहरुलाई एआईसम्बन्धी जानकारी प्रदान गर्नुभयो । विज्ञान शिक्षक समाज मकवानपुरका अध्यक्ष भरत पोखरेलको सभाध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरीको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि गिरीले शिक्षकहरुको पेशागत विकास गर्ने उद्देश्यले संगठन निर्माण भएको बताउनुभयो । शिक्षण पेशालाई हरेक दिन अद्यावधिक हुने पेशा भन्दै उहाँले शिक्षकहरुलाई समान्य कुराहरुमा ध्यान दिन सुझाव दिनुभयो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष एवम् भुटनदेवी एल्मुनाई (पूर्व विद्यार्थी समाज) का अध्यक्ष विष्णुगोपाल महर्जन र भुटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक सूर्यप्रसाद घिमिरेको विशिष्ट आतिथ्य रहेको थियो । कार्यक्रमको समापनमा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ